# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित

खण्ड-५, मालारानी गाउँपालिका, मितिः २०७९/११/२० संख्या : ८


भाग २

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

प्रमाणीकरण मिती २०७९/११/१८

## मालारानी गाउँपालिकाको सञ्चार खर्च संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः** मालारानी गाउँपालिकाको आ.व.२०७९।८० मा विनियोजन गरिएको संचार सुविधालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले मालारानी गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा ४ बमोजिम मालारानी गाउँकार्यपालिकाले मालारानी गाउँपालिकाको सञ्चार खर्च सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

# परिच्छेद-१
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम मालारानी गाउँपालिको सञ्चार खर्च सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले मालारानी गाउँपालिका सम्झनुपर्दछ ।

ख) कार्यपालिका भन्नाले मालारानी गाउँकार्यपालिका सम्झनुपर्दछ ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

घ) कर्मचारी भन्नाले यस मालारानी गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी र सामुदायीक विद्यालयका प्रधानाध्यापकहरुलाई समेत सम्झनुपर्दछ ।

ङ) शाखा प्रमुख भन्नाले गाउँकार्यपालिकाको कार्यालयको कुनै शाखाका प्रमुख शाखाको नेतृत्व गर्ने जिम्मेवार कर्मचारी सम्झनुपर्दछ ।

च) वडा सचिव भन्नाले गाउँपालिकाको वडामा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

**३. कार्यविधि लागु हुने क्षेत्रः** गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी अन्तर्गतका वडा कार्यकार्यालयहरूमा कार्यरत वडा सचिवहरु, प्राविधिक कर्मचारीहरु र गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरुका प्रधानाध्यापकहरुलाई कार्य भुमिकाको आधारमा औचित्य पुष्टी हुने गरी कार्यालय प्रयोजनका लागि संचार खर्च वापत मासिक रुपमा सम्बन्धित कर्मचारीको मोवाईल नम्वरमा सञ्चार खर्च भुक्तानी गरिनेछ ।

**४. सञ्चार खर्च संचालनका लागि वितरणको व्यवस्थाः**

| क्र.सं. | कार्यालय/ शाखा | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १५०० | |
| २ | गाउँकार्यपालिकाको कार्यालयका शाखा प्रमुख (अधिकृतस्तर) | १००० | |
| ३ | स्वास्थ्य चौकी / ईकाइ प्रमुख (अधिकृतस्तर) | ८०० | |
| ४ | वडा सचिव | ७०० | |

| | | | |
|---|---|---|---|
| ५ | गाउँपालिकामा कार्यरत पाँचौ/चौथो तह | ७००/५०० | |
| ६ | वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी पाँचौ/ चौथो तह | ७००/५०० | |
| ७ | हे.स.चा/ह.स.चा. | ४०० | |
| ८ | कार्यालय सहयोगिहरु (गाउँकार्यपालिकाको कार्यालय) | ३०० | |
| ९ | सामुदायीक विद्यालयका प्रध्यानाध्यापकहरु (माध्यमिक/ निम्नमाध्यमिक/प्रा.वि. ) | ६००/ ५००/४०० | |
| | | | |

५.विविधः (१) मिति २०७९ श्रावण १ गते देखिको सञ्चार सुविधा यसै कार्यविधि बमोजिम उपलब्ध गराईनेछ ।

६. कार्यविधिको संशोधन व्याख्या र अनुसूचि थपघटः यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ ।

आज्ञाले<br>
सुरेश भुसाल<br>
प्रमुख प्रशासकीय अधिकृत